३. नेपाल विद्युत प्राधिकणलाई बिक्री गरेको विद्युतको भुत्तानी मध्ये ५५% कम्पनीले अमेरिकी डलरमा COD कायम भएको मितिले १० वर्षसम्म प्राप्त गर्ने।
४. आयोजना निर्माणका लागि बुँदा नं. ग (१६) बमोजिमनिम्न अनुसार ऋण सहुलियत प्राप्त गरेको।

| क्र.सं. | वित्तीय संस्थाको नाम | वित्तिय संस्था सम्बन्धित देशको नाम | कर्जा रकम अमेरिकी डलरमा | विनिमय दर रु.* | नेपाली रुपैयाँमा | प्राप्त भएको कर्जा सहुलियत | प्राप्त हुन बाँकी कर्जा सहुलियत |
|---|---|---|---|---|---|---|---|
| १ | Nederlandse Financierings Maatschappij Voor Ontwikkelingslanden N.V. | नेदरल्याण्ड | ५४,६३९,४०३ | ११०.५५ | ६,०४०,५७१,८४६ | २,४१६,२२८,७३८ | १,१९३,०१२,९४० |
| २ | Deutsche Investitions- und Entwicklungsgesellschaft mbH | जर्मनी | २४,८६६,४४६ | ११०.५७ | २,७४९,५१२,६०८ | १,०९९,८०५,०४३ | ५४३,०२८,७४० |
| ३ | The OPEC Fund for International Development | अष्ट्रिया | १९,८९३,१५७ | ११०.६१ | २,२००,४३५,११३ | ८८०,१७४,०४५ | ४३४,५८५,९३५ |
| ४ | Nederlandse Financierings Maatschappij Voor Ontwikkelingslanden N.V | नेदरल्याण्ड | १२,५००,००० | १०५.८१ | १,३२२,६६०,२७८ | १,३२,२६,६०,२७८ | - |
| ५ | GUARANTCO Ltd. | मरिसस् | २२,६४९,८५४ | १२२.९६ | २,७८५,०००,००० | २,७८५,०००,००० | - |
| | जम्मा | | १३४,५४८,८६० | | १५,०९८,१७९,८४५ | ८,५०३,८६८,१०४ | २,१७०,६२७,६१५ |

* कम्पनीलाई विभिन्न समयमा किस्तामा कर्जा प्राप्त भएकोले अमेरिकी डलर र नेपाली रुपैयाँ बिचको विनिमय दर औषतमा राखिएको।
५. अन्तराष्ट्रिय वित्तिय संस्था FMO, DEG, OFID/Guarantco Ltd. बाट प्राप्त ऋणमा कुनै ब्याज नरहेको।
६. जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको।

## १६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

१. **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया** :
स्वीकृत विवरण पत्र मार्फत जारी गरिएकोसाधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ। शेयर बाँडफाँड गर्दा निम्न प्रकृया द्वारा गरिने छ।
क. धितोपत्र बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले धितोपत्र बाँडफाँड गरिनेछ।
ख. बुँदा नं. क बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्काशित धितोपत्र बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरूलाई पुनः दश कित्ताका दरले धितोपत्रको बाँडफाँड गर्नुपर्नेछ।
ग. बुँदा नं. ख बमोजिम धितोपत्र बाँडफाँडको प्रक्रिया सम्मन्न भएपश्चात धितोपत्र बाँकी भएमा सोही प्रक्रिया अपनाई बाँडफाँड गर्नु पर्नेछ।
घ. स्वीकृत विवरण पत्र मार्फत निष्काशित धितोपत्रको बाँडफाँड गर्दा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अनुसूची-२ बमोजिमको नमूना बमोजिम गरिनेछ। उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरी गरिने छ।
ङ. धितोपत्र बाँडफाँड गर्दा बोर्डबाट सहमति प्रदान गरिएको सफ्टवेयर प्रयोग गर्नु पर्नेछ।
च. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको संचालक समितिको निर्णय बमोजिम गरिनेछ।
छ. स्थानीय बासिन्दाका, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु, कर्मचारी तथा सामूहिक लगानी कोषका लागि निष्काशन गरिएको शेयर बिक्री नभई बाँकी रहन गएको अवस्थामा सर्वसाधारणलाई शेयर निष्काशन गर्दा सो शेयर समेत थप गरी निष्काशन गरिनेछ। साथै, सर्वसाधारणलाई शेयर निष्काशन गर्दा न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतिकर्ता बिच भएको प्रत्याभुत सम्बन्धी सम्झौता बमोजिम प्रत्याभूतकर्ताले खरिद गर्नेछ।
ज. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ।

२. **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था**: शेयर बिक्री बन्द भएको मितिले धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा व्यवस्था भएको समयभित्र शेयर बाँडफाँड गरे पश्चात भौतिक आवेदन फाराम मार्फत आवेदन गरेकाको हकमा बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी क्षएक्मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ। आस्वा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरुको हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्विकृत र अस्विकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा हुने व्यवस्था मिलाईने छ।
३. **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर** : धितोपत्र निष्काशन निर्देशिका तथा बाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड-पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा सो निर्देशिकाको दफा २९को उपदफा ३ मा भएको ब्यवस्था बमोजिम शेयरबिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अधिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ।उपरोक्त ब्यवस्था आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन।
४. **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी** : निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन निर्देशिका, तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र डिम्याट खाता भएका शेयरधनीलाई सन्बन्धित खातामा जम्मा गरिनेछ र डिम्याट खाता नभएका शेयरधनीलाइ शेयर प्रमाणपत्र वितरण गरिनेछ।
५. **धितोपत्र सुचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण** : सो नभएको।
६. **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : स्वीकृत विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण गराई कारोवार हुने व्यवस्था मिलाइनेछ।

## १७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु :

***आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा :***
आयोजना प्रभावित क्षेत्र सोलुखुम्बु जिल्लाको सोलु दुधकुण्ड नगरपालिका र थुलुङ दुधकोशी गाउँपालिकाका स्थानिय बासिन्दाहरुले यस विवरण-पत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पूरा भएको अवस्थामा शेयर खरिद गर्ने आवेदन दिन सक्नेछन्।
१. आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्यरुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फाराम बुझाउनु पर्नेछ।
२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्यरुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नुपर्नेछ। स्थानीयको बारेमा कुनै विवाद आएमा विगत ५ वर्षदेखि स्थायीरुपमा बसोबास गरेको व्यहोरा सम्बन्धीत पालिकाले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ।
३. १६ वर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।
४. विवाह भै आएका महिलाका हकमा विवाह-दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।
५. आयोजना प्रभावित क्षेत्रमा बसाईसराई गरी आएको हकमा विवरण पत्र स्वीकृत भएको मितिसम्म बसाईसराई गरी आएको प्रमाण पत्रको प्रतिलिपि संलग्न गरेको हुनुपर्नेछ।
६. माथि उल्लेखित हुन छुटेका उद्योग प्रभावित क्षेत्र वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित गाउँपालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र।
७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी आयोजना प्रभावित क्षेत्र छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।
८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ।
९. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ।
१०. आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्टरुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ।
११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनुपर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।
१२. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा बुझाएको दरखास्त फारामलाई रद्द गरिनेछ।
१३. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा कर्मचारी, नेपाल सरकारको सम्बन्धित नियकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरु तथा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।
१४. सम्पुर्ण दरखास्तवालाहरु (नावालकहरुसमेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।
१५. रु.५०,०००/- (अक्षेरेपी पचास हजार रुपैयाँ) भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।
१६. स्वीकृत विवरण-पत्र मार्फत निष्काशन गरिने शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/ BOID No.) भएका आवेदकहरुलाई निजहरुको धितोपत्र अभौतिक रुपमा उपलब्ध गराउने व्यवस्था भएको हुँदानिजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/ BOID No.) आवेदन फाराममा उल्लेख गर्न सक्ने छन्। साथै डिम्याट खाता (DMAT Account/ BOID No.) नभएका स्थानीय बासिन्दाहरुले पनि उक्त शेयरका लागि आवेदन दिन सक्नेछन्।
१७. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN.No.) दरखास्त फाराममा खुलाउनु पर्नेछ। यस अतिरिक्त रु.५,००,०००/- वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

***वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :***
वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले स्वीकृत विवरण-पत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्।
१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुले मात्र आवेदन दिन सक्नेछन्।
२. स्वीकृत विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ।
३. शेयर खरिदका लागि आवेदन दिने आवेदकले विप्रेषण बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा पचास हजार नेपाली रुपैयाँ आफू रोजगारमा रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्नेछ।
४. वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुलाई सुरक्षित गरिएको शेयरमा आवेदन दिएका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याइएको शेयरमा आवेदन गर्न सक्ने छैनन्।

५. आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयर बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाइएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ।
६. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ।
७. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ।
८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ।
९. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फाराम भरी बुझाउनु पर्नेछ।
क. धितोपत्र निष्काशन कर्ता कम्पनीको नाम।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।
ग. खरिद गर्न चाहेको धितोपत्रकोसंख्या अंक र अक्षरमा।
घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम अंक र अक्षरमा।
ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
छ. आवेदकको हितग्राही डिम्याट खाता नम्बर।
१०. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन।
११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ।
१२. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ।
१३. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।
१४. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ।
१५. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ।
१६. रु. ५,००,०००/- (अक्षेरेपी पाँच लाख रुपैयाँ) सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु. ५,००,०००/- (अक्षेरेपी पाँच लाख रुपैयाँ) वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

## १८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरण:

क. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं.२८, पुतलीसडक, त्रिवेणी कम्पलेक्स, काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको कार्यालय, नक्साल, काठमाण्डौं र हिमालयन क्यापिटल लिमिटेडको कार्यालय, कमलादी, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
ख. स्वीकृत विवरण-पत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशन को लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ। आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधरण दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- अंकित दरले C-ASBA प्रणाली मार्फत आवेदन दिन सक्ने छन्।
ग. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले न्युनतम १० (दश) कित्ता र १० अंकको गुणाङ्कमा अधिकतम १,००,०००(एक लाख) कित्तासम्म शेयर खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ।

## १९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

***निष्काशनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :*** प्राथमिक शेयर निष्काशनबाट प्राप्त हुने कुल रकम रु.२,००,००,००,०००/- (अक्षेरेपी दुई अर्ब रुपैयाँ) कम्पनीले निम्नानुसारको क्षेत्रमा उपयोग गर्नेछ।

| विवरण | रकम रु. |
|---|---|
| १. कर्जा भुक्तानी | २,००,००,००,०००/- |
| जम्मा | २,००,००,००,०००/- |

## २०. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु :

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौं र वेवसाइटः www.nabilinvest.com.np |
| २. | हिमालयन क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं र वेवसाइटः www.himalayancapital.com |
| ३. | सोलु हाइड्रोपावर लिमिटेड, पुतलीसडक, काठमाण्डौं र वेवसाइटः www.soluhydro.com |

साथै श्री नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ।
**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ।**

| क्र.सं. | संकलन केन्द्रको नाम |
|---|---|
| १. | श्री ग्लोबल आइएमई बैंक लिमिटेड, सल्लेरी शाखा, सोलुखुम्बु |
| २. | श्री लक्ष्मी सनराईज बैंकलिमिटेड, नेले शाखा, सोलुखुम्बु |
| ३. | श्री तल्लो सोलु जलविद्युत आयोजना, तिङ्गला, सोलुखुम्बु |

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा:**
**नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।**
आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ।

## २१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

| क्र.सं. | निष्काशन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | नबिल बैंक लि., भाटभटेनी, काठमाण्डौं | BTI-NABIL INVESTMENT BANKING LIMITED-SOLU | १३२०१०१७५००३३२ |

साथै आवश्यकता अनुसार ३ दिन भित्र नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

## २२. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा निष्काशन गरिएको आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि जारी गरिने शेयरहरुको आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा १५ दिन र बढीमा ३० दिनसम्म खुल्ला रहनेछ। बैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ कार्यदिन र बढीमा १५ दिनसम्म खुल्ला रहने छ।

## २३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौंका श्री रुपेश कार्कीलाई फोन नं.०१-४५११६०४ र हिमालयन क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंका श्री राम प्रसाद भट्टराईलाई फोन नं.०१-५३५८३४५ मा सम्पर्क गर्न सकिनेछ।

दरखास्त फारामको नमूना

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# सोलु हाईड्रोपावर लिमिटेड
# Solu Hydropower Limited

रजिष्टर्ड ठेगाना : त्रिवेणी कम्पलेक्स, का.म.न.पा. वडा नं.२८, पुतलीसडक, काठमाण्डौं, फोन: ०१-५३४२३१७
इमेल: info@soluhydro.com वेवसाइट:www.soluhydro.com

प्रति दरखास्त फाराम रु.२/-

आवेदकको हालसालै खिचिएको **फोटो** (अनिवार्य)

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।**

**आयोजना अति प्रभावित क्षेत्र सोलु दुधकुण्ड नगरपालिको वडा नं. ७, ११ र थुलुङ दुधकोशी गाउँपालिकाको वडा नं. १ को स्थानीय बासिन्दाहरुका लागि तथा सोलु दुधकुण्ड नगरपालिका र थुलुङ दुधकोशी गाउँपालिकाका अति प्रभावित वडाहरु बाहेक अन्य वडाहरुलाई**

**साधारण शेयर खरीद दरखास्त फाराम**

दरखास्त फाराममा निवेदकको आफ्नै खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, शाखा र खाता नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

मार्फत
NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं
फोन: ४५११६०४, ४५११७३३
इमेल: info@nabilinvest.com.np,
वेवसाइट: www.nabilinvest.com.np

Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited
हिमालयन क्यापिटल लिमिटेड
पो.ब.नं. ४५१८, कमलादी, काठमाडौं
फोन: ०१-५९७०६७५
इमेल: info@himalayancapital.com,
वेवसाइट: www.himalayancapital.com

कोड नं.

सि.नं.

श्री संचालक समिति,
**सोलु हाईड्रोपावर लिमिटेड**
पुतलीसडक, काठमाडौं, नेपाल।

**दरखास्त दिन पाउने न्यूनतम शेयर संख्या : १० कित्ता**
**दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००,००० कित्ता**

| हितग्राही खाता नं. | DP ID | |
|---|---|---|
| | Client ID | |

**महाशय,**
त्यस कम्पनीको मिति २०८२/०७/२४ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तहरुको अधिनमा रही रु.१००/- अङ्कित दरको शेयर कित्ता ..................खरीद गर्न इच्छुक भएकोले प्रति साधारण शेयर रु.१००/- को दरले रु. ............................ (अक्षरेपी ........................................................................) यसै साथ संलग्न गरी पठाएको/बुझाएको छु/छौं। त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

| | | | | | |
|---|---|---|---|---|---|
| माग गरेको संख्या | | शेयर बापत जम्मा गरेको रकम | | मिति | २०८२/ / |
| रकम बुझाएको कम्पनीको नाम र ठेगाना | | | | भौचर/ड्राफ्ट नं. | |
| चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना | | | | चेक नं. | |
| खाता रहेको बैंक/वित्तीय संस्थाको नाम | | | | | |
| खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा | | खाता नं. | | | |

**Sources of Fund (For Rs. 0.5 million and above as per Directive issued by SEBON)**
आयको स्रोत (रु. पाँच लाख र सो भन्दा बढीको लागि नेपाल धितोपत्र बोर्डबाट जारी निर्देशन अनुसार)
व्यापार (Business) ☐ सम्पत्ति बिक्री (Sale of Assets) ☐ कर्जा (Loan) ☐ अन्य उल्लेख गर्नुहोस (Other, Please Specify) ☐

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| निवेदकको पूरा नाम | नेपालीमा | श्री/श्रीमती/सुश्री/नाबालक | | | | | | |
| | In English | Mr./Mrs./Miss/Minor | | | | | | USE CAPITAL LETTER |
| स्थायी ठेगाना | वडा नं. | | घर नं. | | गाउंपालिका/न.पा. | | जिल्ला | |
| Permanent Address | Ward No. | | House No. | | R. M./M. | | District | |
| सम्पर्क ठेगाना | | | | | | | | |
| P.O. Box No. | | | P.O. Box District | | | नागरिकता प्रमाण-पत्र नं. | | |
| PAN | | | Contact No. | | | नागरिकता जारी गरेको स्थान | | |
| बाबुको नाम | | | | | | | | |
| Father's Name | | | | | | | | |
| बाजेको नाम | | | | | | | | |
| Grandfather's Name | | | | | | | | |
| पति/पत्नीको नाम | | | | | | | | |
| संरक्षकको नाम (नाबालकको हकमा) | | | | | | | | |
| Guardian's Name (Incase of minor) | | | | | | | | |

मैले/हामीले यसै साथ स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा कागजातहरु र यस दरखास्त फाराममा खुलाएको विवरण साँचो हो। म/हामी यस कम्पनीको संस्थापक, सञ्चालक तथा निजको एकाघरको परिवार नरहेको घोषणा गर्दछु/गर्दछौं। झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ।

**निवेदकको दस्तखत**
(नाबालकको हकमा अभिभावकको दस्तखत)

**पुनश्चः आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडि पट्टि रहेको बुँदा नं. १७ (आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ।**

---

**यो रसिद हराई अर्कले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।**

मार्फत
NABIL INVESTMENT BANKING LTD. (A Subsidiary of Nabil Bank Ltd.) नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड
Himalayan Capital हिमालयन क्यापिटल लिमिटेड

**रसिद**
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

| | | | | | |
|---|---|---|---|---|---|
| Applicant's Name | | | | | |
| Company's Name | Solu Hydropower Limited | | | | |
| No. of Shares Applied | | Call Money per Share | Rs.100 | Amount Deposited (Rs.) | |
| Amount in Words | | | | | |

**निवेदकको दस्तखत**
(नाबालकको हकमा अभिभावकको दस्तखत)

**For Official Use Only:**
Received by:
Date:
Stamp
Code No.

| हितग्राही खाता नं. | DP ID | |
|---|---|---|
| | Client ID | |

चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ।

१. बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकले आवेदन फाराममा उल्लेख गरेको बैंक तथा वित्तीय संस्थाको बैंक खातामा सोझै जम्मा हुने गरी फिर्ता भुक्तानी गर्ने व्यवस्था मिलाइने छ।
२. आवेदन फाराममा उल्लेख गरेको रकम सम्बन्धित बैंक खातामा जम्मा नभई विभिन्न कारणले फिर्ता भएको खण्डमा सम्बन्धित आवेदकले यो सक्कल रसिद तथा नागरिकताको प्रतिलिपि सहित अद्यावधिक बैंक तथा वित्तीय संस्थाको खाता नम्बर उपलब्ध गराउनु पर्नेछ।
३. बाँडफाँडमा नपरेको शेयर वापतको रकम विभिन्न कारणले फिर्ता भुक्तानी हुन नसकेको अवस्थामा सम्बन्धित आवेदकले अद्यावधिक बैंक तथा वित्तीय संस्थाको खाता नम्बर उपलब्ध गराए पश्चात् आवश्यक प्रमाणिकरण पश्चात् सोही बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ।

## निष्काशन तथा बिक्री प्रबन्धकहरू:

**NABIL INVESTMENT BANKING LTD.**
**(A Subsidiary of Nabil Bank Ltd.)**
**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं
फोन: ४५११६०४, ४५११७३३
इमेल: info@nabilinvest.com.np,
वेवसाइट: www.nabilinvest.com.np

**Himalayan Capital**
A Subsidiary of Himalayan Bank Limited
**हिमालयन क्यापिटल लिमिटेड**
पो.ब.नं. ४५१८, कमलादी, काठमाडौं
फोन: ०१-५९७०६७५
इमेल: info@himalayancapital.com,
वेवसाइट: www.himalayancapital.com